परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily राष्ट्रिय दैनिक

वर्ष : ४ अंक : २४ पृष्ठ ४ २०८२ कार्तिक २९ गते, शनिबार 15 November, 2025 मूल्य रु. ५/-

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

## वडाध्यक्ष यादवको गोली प्रहारबाट मृत्यु




टक नेपाल

धनुषाको मिथिला बिहारी नगरपालिका-९ का वडाध्यक्ष विन्देश्वर यादवको अज्ञात समूहले गोली प्रहार गरी हत्या गरेको छ। शुक्रबार साँझ करिब ६ बजेतिर घर नजिकै रहेको सडकमा उहाँमाथि गोली प्रहार भएको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार मोटरसाइकलमा आएका दुईजनाले वडाध्यक्ष यादवलाई नजिकैबाट गोली प्रहार गरेको र घटनापछि ती व्यक्तिहरु तत्कालै फरार भएको बताइएको छ।

धनुषा प्रहरी प्रवक्ता लोकेन्द्र बमका अनुसार, गोली लागेर गम्भीर घाइते भएका वडाअध्यक्ष यादवलाई तत्काल उपचारका लागि प्रादेशिक अस्पताल जनकपुर पुर्‍याइएको थियो। उपचारकै क्रममा उहाँको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय धनुषाले जानकारी दिएको छ।

हत्यामा संलग्न रहेको अभियोगमा प्रहरीले दुईजनालाई हतियारसहित पक्राउ गरेको जनाकारी दिएको छ। वडाध्यक्ष यादव २०७९ को स्थानीय तह निर्वाचनमा स्वतन्त्र उम्मेदवारको रूपमा प्रतिस्पर्धा गर्दै विजयी हुनुभएको थियो।

सामाजिक काममा सक्रिय व्यक्तित्वका रूपमा परिचित उहाँमाथि भएको घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

स्थलमा प्रहरीको टोली पठाई अनुसन्धान तीव्र पारिएको र अपराधीको खोजीका लागि आवश्यक संयन्त्र परिचालन गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

### मधेसका मुख्यमन्त्री नियुक्तिको

## विरोधमा पाँच दलले गरे आन्दोलन घोषणा



टक नेपाल

मधेस प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवको नियुक्तिको विरोधमा आन्दोलन घोषणा गरिएको छ।

नेकपा माओवादी केन्द्र,जसपा नेपाल,जनमत पार्टी,लोसपा नेपाल र जसपा नेपालका नेताहरूले शुक्रबार विज्ञप्ति जारी गर्दै आन्दोलन घोषणा गरेका हुन्।

गत शनिबार तत्कालीन मधेस प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले असंवैधानिक तरिकाबाट यादवलाई मुख्यमन्त्रीमा नियुक्त गरी होटल (रेस्टुरेन्ट) जस्ता संवेदनशील स्थलमा शपथ ग्रहण गराएको घटना निन्दनीय र घिन लाग्दो रहेको उनीहरूको ठहर छ।

अहिले मधेस प्रदेशमा गैर संवैधानिक तरिकाले रातारात संविधानको चीरहरण गरी संविधान, सङ्घीयता र सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई बदनाम गराउने, मधेसी जनताको अधिकार हनन् गर्ने संविधानको मूल मर्ममाथि प्रहार गर्ने प्रतिगमनकारी कदमको घोर भर्त्सना समेत दलहरूले गरेका छन्।

साथै गैर संवैधानिक तरिकाले नियुक्त भई रेस्टुरेन्टमा शपथ ग्रहण गरेका मुख्यमन्त्रीलाई बर्खास्त गरी संविधान, सङ्घीयता र सङ्घीय लोकतान्त्रिक गणतन्त्र संरक्षणका लागि सम्पूर्ण मधेस प्रदेशवासीलाई विरोध तथा शान्तिपूर्ण आन्दोलनमा सहभागीताका लागि आग्रह गरेका छन्।

शनिबार साँझ सर्लाहीको मलंगवास्थित सहिद चोकमा मसाल जुलुस र आइतबार बिहान ११ बजे देखि खबरदारी जुलुसको घोषणा गरिएको छ।

## चक्कू प्रहार गर्ने व्यक्ती प्रहरीको नियन्त्रणमा

टक नेपाल

महोत्तरीको औरही नगरपालिका-१, औरहीमा एक महिलामाथि चक्कू प्रहार भएको घटनामा संलग्न व्यक्ति प्रहरीले नियन्त्रणमा लिएको छ।

२०७९ साल कात्तिक २५ गते राति करिब ९:१५ बजे दुखिया खत्वोकी छोरी तथा डिभोर्स भएकी ३९ वर्षीया सरस्वती देवीमाथि सोही स्थानका २९ वर्षीय राकेश चौधरीले चक्कू प्रहार गरेको भन्ने जानकारी पाएपछि प्रहरी चौकी औरही तथा इलाका प्रहरी कार्यालय गौशालाबाट खटिएको टोली घटनास्थल पुगेको थियो।

प्रहरीले घटनास्थलमा पुगेपछि सरस्वतीको टाउको, घाँटीसहित शरीरका विभिन्न भागमा गम्भीर चोट लागेको अवस्था देखिएको र तत्कालै उपचारका लागि उनलाई बर्दिबासस्थित शुभ-स्वस्तिक अस्पताल पठाइएको जनाएको छ।

घटनापछि फरार रहेका चौधरीलाई खोजतलास गर्ने क्रममा राति ११:२० बजे उनको घरमैबाट पक्राउ गरिएको प्रहरीले जनाएको छ। पक्राउ परेका चौधरीलाई इलाका प्रहरी कार्यालय गौशालामा ल्याई आवश्यक अनुसन्धान अघि बढाइएको छ।






परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily राष्ट्रिय दैनिक

## सम्पादकीय

### संविधान होइन, नेतृत्वको संस्कार संकट

२०४६ सालको आन्दोलनले नेपालमा पूर्ण प्रजातन्त्र स्थापना गर्दै नयाँ यात्राको आशा जगायो। संविधान बने, व्यवस्था बस्यो, तर परिवर्तनको मूल आत्मा–इमानदार नेतृत्व र सुशासन–राजनीतिमा जरा गाड्न सकेन। नेताहरूले संविधानलाई जनसेवाको साधन होइन, सत्ताको संरक्षण कवच बनाए। भ्रष्टाचार संस्थागत भयो, सरकारी निकाय दलगत भर्ती केन्द्रमा बदलिए। यस्तै निराशाले माओवादी उठानदेखि हालको जेनजी आन्दोलनसम्म जनआक्रोश निरन्तर फैलिदै आएको छ।

विश्वका सफल लोकतन्त्रहरू–बेलायत, जापान, अमेरिका–नेतृत्वको नैतिकता, जवाफदेहिता र शपथप्रतिको समर्पणका कारण बलिया बने। तर नेपालमा विगत तीन दशकको अभ्यासले देखायो-व्यवस्था होइन, नेतृत्वको चरित्र विफल छ। सिंहदरबार पुगेपछि भ्रष्टाचारलाई ‘अधिकार’ ठान्ने, असफलता स्वीकार नगर्ने, पदप्रति मोह त्याग्न नसक्ने प्रवृत्तिले जनताको विश्वास टुटेको छ।

आजको राजनीतिक संकटको मूल प्रश्न संविधान परिवर्तन होइन, नेतृत्व सुधार हो। जनताले दिनुभएको सार्वभौमसत्ता तीन वर्षमै दुरुपयोग भएकाले चुनाव अब अनिवार्य छ। भ्रष्टाचार नियन्त्रण, जवाफदेही नेतृत्व र राजनीतिक शुद्धिकरणको सुरुवात यहीबाट हुन्छ।

नेतृत्वको इमानदार पुनर्संरचना बिना न नयाँ पुस्ता उठ्छ, न देश अघि बढ्छ। अहिलेको घडी सुधार, परिवर्तन र जनम्यान्डेट पुनः स्थापित गर्ने सुनौलो मौका हो–यो चुकाइयो भने इतिहासले क्षमा गर्ने छैन।




# बिहार विधानसभा निर्वाचन : यी हुन् थोरै मतान्तरले हारजित भएका ८ सिट

● टक नेपाल

भारतको बिहार राज्यको विधानसभा निर्वाचनमा ८ यस्ता सिट छन् जसमा थोरै मतान्तरले हारजित भएका छन् ।




आरा लोकसभा क्षेत्र अन्तर्गत सन्देश विधानसभा क्षेत्रमा जनता दल युनाइटेडका उम्मेदवार राधाचरण साहले राष्ट्रिय जनता दलका उम्मेदवार दीपू सिंहलाई केवल २७ मतले पराजित गरेका छन् । साहले ८० हजार ५९८ मत प्राप्त गर्दा सिंहले ८० हजार ५७१ मत प्राप्त गरे ।

आरा लोकसभा क्षेत्र अन्तर्गतकै अगिआंव विधानसभा निर्वाचन क्षेत्रमा भारतीय जनता पार्टीका महेश पासवानले सीपीआई (एमएल)का शिव प्रकाश रंजनलाई ९५ मतान्तरले पराजित गरे ।

फारबिसगंज निर्वाचन क्षेत्रमा कांग्रेस उम्मेदवार मनोज विश्वासले २२१ मतान्तरले भारतीय जनता पार्टीका विद्यासागर केशरीलाई पराजित गरे । निर्वाचित उम्मेदवार विश्वासले एक लाख २० हजार ११४ मत प्राप्त गर्दा पराजित भएका केशरीले एक लाख १९ हजार ८९३ मत प्राप्त गरे ।

पश्चिम चम्पारणको चनपटिया निर्वाचन क्षेत्रमा कांग्रेस उम्मेदवार अभिषेक रंजनले भारतीय जनता पार्टीका उमाकान्त सिंहलाई ६०२ मतान्तरले पराजित गरे । रंजनले ८७ हजार ५३८ मत प्राप्त गर्दा सिंहले ८६ हजार ९३६ मत प्राप्त गरे ।

यस्तै बोधगया निर्वाचन क्षेत्रमा राष्ट्रिय जनता दलका उम्मेदवार कुमार सर्वजितले लोक जनशक्ति पार्टीका उम्मेदवार श्यामदेव पासवानलाई ८८१ मतान्तरले पराजित गरे । सर्वजितले एक लाख २३६ मत पाए भने पासवानले ९९ हजार ३५५ मत पाए ।

बख्तियारपुर निर्वाचन क्षेत्रमा लोक जनशक्ति पार्टीका उम्मेदवार अरुण कुमार ९८१ मतान्तरले निर्वाचित भए । उनले ८८ हजार ५२० मत पाएका थिए भने उनका निकटतम प्रतिस्पर्धी राष्ट्रिय जनता दलका अनिरुद्ध कुमारले ८७ हजार ५३९ मत पाए ।

बलरामपुर निर्वाचन क्षेत्रमा लोक जनशक्ति पार्टीका उम्मेदवार संगीतादेवीले ३८९ मतान्तरसहित जित हासिल गरेकी छन् । उनले ८० हजार ४५९ मत प्राप्त गर्दा निकटतम प्रतिस्पर्धी महबुब आलमले ७९ हजार १४१ मत प्राप्त गरे ।

यस्तै ढाका निर्वाचन क्षेत्रमा राष्ट्रिय जनता दलका फैसल रहमानले १७८ मतान्तरको जित हासिल गरेका छन् । रहमानले एक लाख १२ हजार ७२७ मत प्राप्त गर्दा उनका निकटतम प्रतिस्पर्धी भाजपाका पवन कुमार जयसवालले एक लाख १२ हजार ५४९ मत प्राप्त गरे ।

# वीरगञ्ज भन्सारमा ६ वर्षदेखि १८५ मालवाहक कन्टेनर अलपत्र

● टक नेपाल

वीरगञ्ज भन्सार कार्यालयमा छ वर्षदेखि १८५ भन्दा धेरै मालवाहक कन्टेनर अलपत्र अवस्थामा रहेका छन् । कोभिड महामारीअघि तेस्रो मुलुकबाट आयात गरिएका ती मालवाहक कन्टेनर अहिले पनि वीरगञ्ज भन्सार कार्यालय मातहतको सुक्खा बन्दरगाहमा बेवारिसे अवस्थामा रहेका छन् ।

आयातकर्ताले तेस्रो मुलुकबाट आयात गरेर सुक्खा बन्दरगाहमा मालवाहक कन्टेनर भित्र्याए पनि भन्सार जाँचपासको प्रक्रिया अघि नबढाउँदा ती मालवस्तुसहितका कन्टेनर अहिले पनि बन्दरगाहमा थुप्रिरहेका छन् ।

भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक विष्णुप्रसाद ज्ञवालीले २०७६ सालमा आयात गरिएका मालवाहक कन्टेनरमध्ये अहिले पनि १८५ वटा अलपत्र हुँदै आइरहेको जानकारी दिए ।

‘त्यो बेला २२० कन्टेनर आएका थिए, जसमध्ये तीनवटा कन्टेनरको आवश्यक कानुनी प्रक्रिया पूरा गरी फिर्ता भइसकेका छन्’, उनले भने, ‘तीमध्ये थप १४ कन्टेनर खाली भएर कानुनी प्रक्रिया पूरा हुने चरणमा पुगेको छभने बाँकी रहेका कन्टेनर कसरी व्यवस्थापन गर्ने विषयमा आवश्यक परामर्श गरिरहेका छौँ ।’

ज्ञवालीले ती मालवाहक कन्टेनर ल्याउने व्यक्ति वा आयातकर्ताको पहिचान गर्न नसक्दा पनि सुक्खा बन्दरगाहमा अलपत्र हुँदै आइरहेको बताए । ‘अहिले पनि १८५ मालवाहक कन्टेनर मुचुल्का उठाएर सिलबन्दी गरेर राखेका छौँ’, उनले भने, ‘यो कन्टेनर खाली गरेर व्यवस्थापन गर्नका लामो कानुनी प्रक्रिया पुर्‍याउनुपर्ने भएकाले पनि धेरै समय लागिरहेको छ ।’

सिलबन्दी गरिएका कन्टेनरमध्ये ९० वटामा केराउ, ६१ वटामा छोकडा, १० वटामा पोस्ता दाना, नौ वटामा सुपारी, सात वटामा फुड सप्लिमेन्ट (आहार पूरक) र दुई कन्टेनरमा मसुरो दाल रहेको छ । भन्सार कार्यालयका अनुसार सिलबन्दी कन्टेनरमध्ये केहीमा चना, ओखर, उडन टुथब्रस, बफेल्लो हर्न, मुंग दाल र डियो स्प्रेलगायत राखिएका कन्टेनर पनि रहेका छन् ।

प्रमुख भन्सार प्रशासक ज्ञवालीले सुक्खा बन्दरगाहमा रहेका नष्ट गर्नुपर्ने मालवाहक कन्टेनरको विषयमा अर्थ मन्त्रालय, भन्सार विभाग लगायतका निकायसँग समन्वय भइरहेको पनि बताए । ‘विगतमा कन्टेनरको मालवस्तु हेरेर ल्याब ‘टेष्ट’ गर्नका लागि पठाइएको थियो’, उनले भने, ‘६ वर्षअघि ल्याब टेष्ट गर्दा राम्रो देखिएको वस्तु तथा सामान अहिले बिग्रिएको पनि हुन सक्छन्, त्यसैले पनि नष्ट गर्नुपर्ने सामानको विषयमा फेरि ल्याब टेष्ट गर्नुपर्ने वा नपर्ने विषयमा पनि आवश्यक समन्वय भइरहेको छ ।’



# रेशमले छुट्टै दल गठन गरेपछि रञ्जिताको राजनीतिक भविष्य के होला ?

● टक नेपाल



पार्टी गठन भएको छोटो समयमै सहानुभूति र पहिचानको जगमा सुदूरपश्चिमको राजनीतिमा प्रभावकारी भूमिकासहित उदाएको नागरिक उन्मुक्ति पार्टी (नाउपा) अहिले सबैभन्दा कठिन मोडमा उभिएको छ ।

पार्टीका संस्थापक तथा संरक्षक रेशम चौधरीले उक्त पार्टी परित्याग गरी नागरिक उन्मुक्ति पार्टी नेपाल नामक नयाँ दल गठन गरेका छन् । रेशमको यो कदमले नाउपाकी अध्यक्ष रञ्जिता श्रेष्ठको राजनीतिक भविष्य कस्तो होला भन्ने बारे चासो बढाएको छ ।

रेशम र रञ्जिता पति-पत्नी हुन् । रेशम जेलमा रहँदा रञ्जिताले पार्टीको नेतृत्व गर्दै स्थानीय तह र प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचनमा उल्लेख्य सफलता दिलाइन् । जब रेशम रिहा भए, त्यसपछि पार्टीभित्र पति-पत्नीबिच शक्ति सङ्घर्ष चुलिँदै गयो ।

पति-पत्नीबिचको राजनीतिक संघर्षले निम्त्याएको यो 'विच्छेद' पछि नाउपाले आफ्नो विरासत जोगाउन सक्ला या रेशको नेतृत्वमा गठित नाउपा नेपालले जनविश्वास बटुल्छ भन्ने बारे निकै ठुलो चासो छ ।

नागरिक उन्मुक्ति पार्टीको उदय २०७२ भदौ ७ गते भएको टीकापुर घटनासँग अभिन्न रूपमा जोडिएको छ । उक्त घटनामा आरोपित भएपछि रेशम चौधरी जेल परे । उनको राजनीतिक प्रभाव भने कम भएन । जेलभित्रैबाट उनले आफ्नो राजनीतिक यात्रालाई निरन्तरता दिए । परिणामस्वरुप २०७८ पुस १९ गते उनकी पत्नी रञ्जिता श्रेष्ठको अध्यक्षतामा नाउपाको जन्म भयो ।

'ढकिया' चुनाव चिह्न लिएर चुनावी मैदानमा होमिएको यो पार्टीले छोटो समयमै आश्चर्यजनक सफलता हासिल गऱ्यो । विशेषगरी कैलाली र बर्दियाका थारु समुदायको बाहुल्य रहेको क्षेत्रमा यसले ठुला दलहरूको किल्ला भत्काइदियो । कैलालीमा त नाउपा सबैभन्दा ठुलो दल बन्न सफल भयो ।

पहिलो निर्वाचनमै प्रतिनिधि सभामा प्रत्यक्षतर्फ ३ र प्रदेश सभामा ५ सिट जित्नु चानचुने कुरा थिएन । सुदूरपश्चिम प्रदेशमा सरकार गठनका लागि नाउपा एक निर्णायक शक्ति बन्यो । यो सफलताको पछाडि रेशम चौधरीप्रतिको सहानुभूति र थारु समुदायको पहिचानको मुद्दाले मुख्य भूमिका खेलेको धेरै विश्लेषण छ ।

तर, नागरिक उन्मुक्ती पार्टीको सफलताको यो उचाइ लामो समय टिकेन । २०८० जेठ १५ मा गणतन्त्र दिवसको अवसरमा राष्ट्रपतिबाट आममाफी पाएर रेशम चौधरी जेलमुक्त भएपछि पार्टीभित्र नयाँ अध्याय सुरु भयो, जुन सुखद् रहेन । जेल बाहिर आएका रेशम र पार्टीको नेतृत्व गरिरहेकी रञ्जिताबिच शक्ति र रणनीतिको विषयमा गम्भीर मतभेद देखिन थाल्यो । सरकारमा सहभागिता, मन्त्री छनोट र पार्टी सञ्चालनका विषयमा उनीहरूबिचको टकराव सतहमा आयो । यो विवादले संघीय सरकारदेखि सुदूरपश्चिम प्रदेशसम्मै पार्टीलाई अस्थिर बनायो ।

सांसदहरू रेशम र रञ्जिताको गुटमा स्पष्ट रूपमा विभाजित भए । यसले पार्टीको आन्तरिक एकतालाई क्षतविक्षत बनायो । अन्ततः यही वर्षको भदौमा रेशम चौधरीले आफूले जन्माएको पार्टीसँग सबै सम्बन्ध तोडेको घोषणा गरे । फेसबुक लाइभमार्फत भावुक हुँदै उनले आफूलाई पार्टीभित्रै 'साधारण सदस्य पनि नरहेको' र 'कानुनी हैसियत नभएको' भन्दै बारम्बार अपमानित गरिएको गुनासो पोखे । लगत्तै उनले 'नागरिक उन्मुक्ति पार्टी नेपाल' नामक नयाँ दल दर्ता गरेर छुट्टै राजनीतिक यात्राको सुरुवात गरे ।

पार्टीबाट रेशम अलग भएपछि अध्यक्ष रञ्जिता श्रेष्ठले अब पार्टीलाई कसरी अगाडि बढाउँछिन् भन्नेमा सबैको नजर छ । पार्टीभित्रकै कोही सांसद भने यो विभाजनलाई सकारात्मक रूपमा हेर्छन् । नाउपाका सुदूरपश्चिम प्रदेश सभा सदस्य रामेश्वर चौधरी अब पार्टीमा विवादको औचित्य समाप्त भएको बताउँछन् । उनका अनुसार, रेशम चौधरी अलग भएपछि अब कुनै द्वन्द्व र किचलो रहने छैन ।

'पहिले रेशम र रञ्जिताजीको कुराले जुन विवाद देखिन्थ्यो, अब त कित्ताकाट नै भइसक्यो,' उनले भने, 'अब कुनै द्वन्द्व छैन, कुनै कन्फ्लिक्ट छैन । हामी २०८४ को चुनावका लागि थप सशक्त भएर जान्छौं ।'

चौधरीले पार्टीको मूल एजेन्डा स्पष्ट रहेको र पछाडि पारिएका, दबाइएका सबै नागरिकको मुक्तिका लागि काम गर्ने प्रतिबद्धता व्यक्त गरे । 'नागरिक उन्मुक्ति भनेको कुनै व्यक्ति विशेषको होइन, यो सबै नागरिकको हो । पिछडिएका, दबाइएका, सीमान्तकृत, दलित सबैलाई माथि उठाउने हाम्रो लक्ष्य हो,' उनले भने ।

उनले विगतमा सुदूरपश्चिममा आफू भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री हुँदा मुक्त कमैया, कमलरी, हलिया पुनर्स्थापना कार्यविधि बनाएको स्मरण गर्दै पार्टीको नीति जनपक्षीय रहेको दाबी गरे ।

रेशमको नयाँ पार्टीसँग भविष्यमा एकताको सम्भावनाबारे उनी आशावादी सुनिन्छन् । 'भोलि गएर नागरिक उन्मुक्ति पार्टी नेपाल र हाम्रो पार्टी एक हुन पनि सक्छ । किनभने हाम्रो मुद्दा र एजेन्डा एउटै हो, हामी पहिचानको मुद्दा बोकेको पार्टी हौं,' उनले भने ।

पार्टीका सबै सांसद रामेश्वर चौधरी जस्तै आशावादी छैनन् । सुदूरपश्चिम प्रदेश सभामा नाउपाका संसदीय दलका नेता घनश्याम चौधरीले पार्टी कसरी अगाडि बढ्छ भन्ने विषयमा अध्यक्षबाट कुनै स्पष्ट निर्देशन नआएको बताए ।

'अहिले पार्टीगत रूपमा खासै केही जानकारी आएको छैन । अब पार्टी कसरी अगाडि बढ्ने भन्ने विषयमा अध्यक्षज्यूसँगै बुझ्नुपर्छ,' उनले भने ।

रेशम बाहिरिएपछि नाउपाका लागि ठुलो धक्का लागेको चर्चा छ । पार्टीको मुख्य आधार नै थारु समुदायको सहानुभूति र रेशमको 'व्यक्तित्व' थियो । अब रञ्जिताले एक्लै त्यो जनमतलाई कसरी जोगाउँछिन् भन्नेमा पार्टीको भविष्य निर्भर गर्दछ । सांसद रामेश्वर पार्टीलाई व्यक्तिगत प्रभावबाट बाहिर निकालेर एक संस्थागत संरचनामा ढाल्न सक्नुपर्ने बताउँछन् ।

जेनजी आन्दोलनजस्ता नयाँ राजनीतिक उभारहरू देखिइरहेको बेला नाउपाले आफ्नो पहिचानको मुद्दालाई थप परिष्कृत गर्दै जनताको विश्वास जित्नुपर्ने उनको सुझाव छ ।

'ठुला माछाले साना माछालाई खान्छ भनेजस्तै हाम्रो सानो पार्टीमाथि खेल्ने अवसर पाए,' अब पार्टीले यस्ता बाहिरी अवसरवादबाट जोगिँदै आन्तरिक एकता बलियो बनाउनुपर्नेछ,' चौधरीले भने ।









### धार्मिक पर्यटन प्रवर्धनका लागि

## हरिहरक्षेत्र-मिथिला चौरासी कोस परिक्रमा सुरु



● टक नेपाल

नेपाल-भारतका साधुसन्त, धर्मगुरु र भक्तजनहरूको सहभागितासहित पहिलो पटक हरिहरक्षेत्र-मिथिला चौरासी कोस सङ्कीर्तन परिक्रमा शनिबार (कात्तिक २९) देखि सुरु हुने भएको छ।

भारतको हरिहर क्षेत्र जनजागरण मंच, सांस्कृतिक उत्कर्ष परिषद् पटना, जानकी, मन्दिर साधु समाज तथा विश्व हिन्दू परिषद्को समन्वयमा आयोजना हुने पाँच दिवसीय परिक्रमा मिथिलाक्षेत्रको धार्मिक-सांस्कृतिक पहिचानलाई विश्वभर प्रवर्धन गर्ने उद्देश्यले सुरु गरिएको हो।

बिहारको हाजीपुरस्थित हरिहर क्षेत्रबाट प्रारम्भ हुने यो परिक्रमा टोली शनिबार दिउँसो २ बजे भिठ्ठामोड हुँदै जनकपुरधाम प्रवेश गर्ने परिक्रमा आयोजकले जनाएको छ।

जनकपुरधामस्थित जानकी मन्दिरका उत्तराधिकारी महन्त रामरोशन दासका अनुसार परिक्रमा टोलीको जनकपुरधाममा नगरदर्शन, दीप प्रज्वलन, सांस्कृतिक प्रस्तुति, जानकी मन्दिरमा प्रसाद ग्रहणलगायत अन्य धार्मिक कार्यक्रममार्फत स्वागत गरिनेछ। उहाँले परिक्रमा मिथिला सभ्यतामा रहेको आस्था, संस्कृति र परम्परालाई अझै प्रगाढ बनाउने एक महत्वपूर्ण धार्मिक पर्यटन अवसर रहेको जिकिर गर्नुभयो। उहाँले भन्नुभयो,"विगतमा भइरहेका यस्ता खालका धार्मिक यात्रालाई निरन्तरता दिनुपर्छ।"

जनकपुरधामबाट परिक्रमा यात्रामा सहभागी हुन इच्छुक साधुसन्त तथा श्रद्धालुका लागि जानकी मन्दिर तथा विश्व हिन्दू परिषद्ले व्यवस्थापन मिलाउने व्यवस्था रहेको दासले जानकारी दिनुभयो।

उत्तराधिकारी दासका अनुसार कोभिड १९ पछि रोकिएको उक्त परिक्रमलाई निरन्तरता दिन आगामी वर्षदेखि छ महिनाअगावै तयारी गरी गण्डक, नारायणी, चुरिया, कोशी, चतरा, सुपौल, भागलपुर हुँदै जनकपुरधाम आउने गरी सात वा नौ दिवसीय विस्तारित परिक्रमा आयोजना गर्ने योजना बनाइएको छ।

नेपाल-भारत मिथिला क्षेत्रका करिब ७ सयभन्दा बढी साधुसन्त, धर्मगुरु र श्रद्धालु सहभागी हुने अपेक्षा गरिएको यो परिक्रमा हाजीपुरबाट सुरु भई जनकपुरधाम-दरभंगा-वैशाली हुँदै पाँचौ दिनमा पुनः हरिहर क्षेत्र प्रवेश गरी शोभा यात्राको कार्यक्रम तय भएको परिक्रमा मंचले जनाएको छ।

आयोजकका अनुसार प्रत्येक स्थानमा प्रवचन, संकीर्तन, सांस्कृतिक कार्यक्रम तथा धार्मिक विधिहरू सञ्चालन गरिनेछ।

"बर्दिबास मिडिया प्रा. लि. द्वारा सञ्चालित"
टक नेपाल टि.भी.
टक नेपाल राष्ट्रिय दैनिक
Talk Nepal TV
बर्दिबास, महोत्तरी
मो.- ९८६३३२१०१४
हाम्रो सेवाहरु : अनलाईन टि.भी., अनलाईन न्यूज पोर्टल, डकुमेन्ट्री, फोटोग्राफी, भिडियोग्राफी लगायत मिडिया सम्बन्धी सम्पूर्ण काम गरिन्छ।

### पाँच प्रदेशसभा सदस्यलाई

## पदमुक्त गरिएको निर्णय बदर : उपसभामुख ईशर



● टक नेपाल

मधेश प्रदेशका उपसभामुख बबिता कुमारी राउत ईशरले मधेशका पाँच जना प्रदेशसभा सदस्यलाई पदमुक्त गरिएको निर्णय बदर गर्नुभएको छ।

बिहीबार सभामुख रामचन्द्र मण्डलले जसपा नेपालका चार र जनमत पार्टीका एक सांसदलाई लगातार १० वटा बैठकमा उपस्थित नभएको भन्दै सांसद पदबाट हटाउने निर्णय गर्नुभएको थियो।

उता उपसभामुख ईशरद्वारा जारी विज्ञप्तिमा सभामुखले गर्नुभएको उक्त कारबाही प्रतिशोधपूर्ण रहेको उल्लेख छ। साथै कारबाहीमा परेका पाँच सांसद कात्तिक २२ गतेको बैठकमा उपस्थित रहेको प्रष्ट पार्नुभएको छ।

उपसभामुख ईशरद्वारा जारी विज्ञप्तिमा "मधेश प्रदेशसभा सचिवालयको मिति २०८२/७/२७ गते पाँच जना प्रदेश सभा सदस्यहरुको पदरिक्तसम्बन्धी सूचना सभामुखले आफूमाथि यही कात्तिक २७ गते बिहिबार प्रदेशसभा कार्य सञ्चालन नियमावली २०७५को नियम १८० को उपनियम २(क) बमोजिम सभामुखविरुद्ध पद अनुकूल आचरण नगरेको भन्ने प्रस्ताव उपसभामुखसमक्ष पेश गरिनुपर्ने व्यवस्था भएबमोजिम प्रस्ताव पेश भइसकेको र सोको उपनियम ३ बमोजिम छलफलको लागि मिति, समय तय हुन बाँकी रहेको अवस्थामा प्रस्तावको प्रतिशोधस्वरुप आवेगमा गरेको निर्णय हो।" भनिएको छ।

पत्रमा मधेश प्रदेशसभाको पछिल्लो पटक मिति २०८२/७/२२ गतेको विश्वासको मतसम्बन्धी प्रस्तावको बैठकमा उक्त सूचनामा उल्लेख भएका सम्पूर्ण प्रदेशसभा सदस्य उपस्थित रहेको हाजिरी तथा भिडियो रेकर्डबाट देखिएकाले सो पद रिक्तसम्बन्धी सूचना बदर गरिएको उल्लेख गरिएको छ।

यस अधि मधेश प्रदेशसभा सचिवालयले पद रिक्तको जानकारी सम्बन्धमा सूचना जारी गरी मधेश प्रदेशका पाँच जना प्रदेशसभा सदस्य पदमुक्त भएको सूचना जारी गरेको थियो। उक्त सूचनामा सर्लाहीका नागरिक उन्मुक्ति पार्टीका प्रदेशसभा सदस्य उर्मिलादेवी सिंह, जसपा नेपालका सप्तरीका प्रदेशसभा सदस्य मनीषकुमार सुमन, सर्लाहीका प्रदेशसभा सदस्य सन्जयकुमार यादव, पर्साका प्रदेशसभा सदस्य सिंहासन सा कलवार र बाराका प्रदेशसभा सदस्य सारदा शंकरप्रसाद कलवार पदमुक्त भएको सूचना जारी गरेको थियो।

प्रदेशसभा सचिवालयले बिहीबार नै जारी गरेको सूचनाअनुसार लगातार दश वटा बैठकमा अनुपस्थित रहेका कारण उनीहरूको पद रिक्त गरिएको जनाएको थियो। उक्त सूचनामा मधेश प्रदेशसभा बैठकको अभिलेख अनुसार नेपालको संविधानको धारा १८०(घ) बमोजिम प्रदेशसभामा लगातार दस वटा बैठकमा अनुपस्थित रहेका कारण उनीहरुलाई २०८२/७/२७ गते देखि प्रदेशसभा सदस्य वाट पद मुक्त भएको हुँदा निजहरु प्रदेशसभा सदस्यको स्थान रिक्त भएको बेहोरा प्रदेशसभा कार्य सञ्चालन नियमावली २०७५ को नियम १८५ बमोजिम सबैलाई जानकारी गराएको सूचनामा उल्लेख गरिएको थियो। प्रदेशसभामै छिन छिनमा फरक फरक पत्र जारी हुन थालेपछि मधेश प्रदेशसभा भित्र पनि विवाद शुरु भएको सहजै अनुमान गर्न सकिन्छ।

यस अघि प्रदेशसभामा बिहीबार सात राजनीतिक दलका ६४ जना प्रदेशसभा सदस्यहरुको समर्थनसहित सभामुख रामचन्द्र मण्डलले पद अनुकूल आचरण नगरेको प्रस्ताव दर्ता गराउन प्रदेशसभा पुगेका सात दलका प्रदेशसभा सदस्यहरुसँग प्रदेशसभाभित्र सभामुखका समर्थकहरुबाट दुर्व्यहार तथा हातपात भएको आरोप लगाइएको छ। सभामुख मण्डलका समर्थकहरुले ती प्रदेशसभा सदस्यहरुलाई दुर्व्यहार गरी केही समय उपसभामु कै कार्यकक्षमा थुनेको आरोप छ। यस विषयमा सभामुख मण्डलले आफूलाई केही जानकारी नभएको सञ्चारकर्मीहरुलाई प्रतिक्रिया दिनुभएको थियो।

उहाँले प्रदेशसभामा आएका सांसदहरु उपसभामुखको कार्यकक्षमा गएर करिब चार घण्टा बसेको र उक्त समयमा के गरेको विषयमा आफूलाई जानकारी नभएको बताउनुभएको थियो। सभामुख मण्डलले प्रदेशसभामा आएका प्रदेशसभा सदस्यहरुलाई आफूले आफनो कार्यकक्षमा छलफलका लागि बोलाँउदा पनि उहाँहरु नआएको भन्दै उपसभामुखको कार्यकक्षमा के भयो भन्ने बारेमा आफूलाई केही जानकारी नभएको बताउनुभएको थियो।

प्रस्ताव दर्ताका लागि प्रदेशसभामा रहेका सातदलका प्रदेशसभा सदस्यहरुलाई प्रहरीले सुरक्षित रुपमा प्रदेशसभाबाट बाहिर निकालेका थिए।

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नसिङ कलेज भएको महोत्तीको एकमात्र अस्पताल

- २४ सं घण्टा इमजेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- EndosocopyDiode Laser सेवा
- विभिन्न विभागको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 247 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनोरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०




बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बदिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014